संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

मिति : २०७५ भाद्र ३० गते शनिबार
बैठक संख्या : २३
समय : दिनको ११:३० बजे

छलफल :

आजको बैठकमा प्रतिनिधि सभामा उत्पत्ति भई राष्ट्रिय सभाको बैठकले यस समितिमा दफावार छलफल गरी प्रतिवेदन सहित पेश गर्नका लागि पठाएको सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ मा प्राप्त संशोधन प्रस्तावहरु उपर दफावार छलफल भयो । माननीय गृह मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु, गृह मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका कर्मचारीको सहभागितामा दफावार छलफल भयो ।

आमन्त्रित मन्त्री, माननीय सदस्यहरु र कर्मचारीहरुलाई विदा गरी तत्पश्चात् निरन्तर जारी रहेको बैठकमा माननीय सभापतिज्यूले आगामी आश्विन ४ देखि ६ गतेसम्म यस समितिको आयोजनामा हुन गइरहेको "लोकतान्त्रिक उत्सव" को तयारीका सम्बन्धमा भइरहेको कार्य बारे जानकारी गराउनु भयो ।

तत्पश्चात् देहाय बमोजिम निर्णय भयो :-

निर्णय :

१. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) विधेयक, २०७५ उपर परेका सबै संशोधन प्रस्ताव अस्वीकार गर्ने साथै यसै बमोजिमको संलग्न प्रतिवेदन राष्ट्रिय सभाको बैठकमा पेश गर्ने,

२. समितिको २०७५ साल भाद्र ७ गतेको निर्णयानुसार आगामी आश्विन ४ देखि ६ गतेसम्म आयोजना हुन गइरहेको "लोकतान्त्रिक उत्सव" को व्यवस्थापनका लागि निम्न बमोजिमको पाँच सदस्यीय लोकतान्त्रिक उत्सव व्यवस्थापन उपसमिति गठन गर्ने :-

| | |
|---|---|
| मा. शेर बहादुर कुँवर | - संयोजक |
| मा. अनिता देवकोटा | - सदस्य |
| मा. उदया शर्मा पौडेल | - सदस्य |
| मा. ठगेन्द्र प्रकाश पुरी | - सदस्य |
| मा. रामलखन चमार | - सदस्य |

तदनन्तर समितिको आगामी बैठक अर्को सूचना गरेपछि बस्ने गरी स्थगित भयो ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति